नेपाल सरकार
# गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोनः ४२११५६१, ४२६४६८६,४२६२०५६ ४२००८९५

सिंहदरवार, काठमाडौँ, नेपाल

पत्र संख्याः- ०७९।८०
च.नं.:-

मितिः २०७९।०७।२३

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको अत्यन्त जरुरी सूचना

हाल देश भरिका ७७ वटै जिल्ला प्रशासन कार्यालय तथा ४२ वटा इलाका प्रशासन कार्यालय, नारायणहिटी दरवार तथा तोकिएका स्थानबाट राष्ट्रिय परिचयपत्रको विवरण प्रविष्ट गर्ने कार्य भई आएको विदितै छ।

सम्बन्धित जिल्लाबाटै राष्ट्रिय परिचयपत्र विवरण प्रविष्ट गराउँदा आगामी दिनमा कार्ड प्राप्त गर्ने लगायतका कार्यमा सहजता हुने हुँदा सकेसम्म आ-आफ्नो स्थायी ठेगाना भएको जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयबाट नै विवरण दर्ता गराउनुहुन अनुरोध गरिछ।

विशेष गरी सिंहदरवार भित्र रहेको विभागको स्टेसनबाट नेपाल सरकार तथा मातहत कार्यरत कर्मचारी तथा विशिष्ट पदाधिकारीको सेवाको लागि विवरण दर्ता कार्य गर्दै आइएकोमा वाह्य अन्य सर्वसाधारण समेतको उपस्थितिले कार्य प्रवाहमा असहजता हुने गरेको छ। तसर्थ, विभागको स्टेसनबाट नेपाल सरकारका कर्मचारीहरुले अनलाइन फारम भरी आफ्नो कार्यालयको परिचयपत्र सहित आउनु हुन अनुरोध छ। साथै, पूर्व कर्मचारीहरु कोही कसैले विवरण दर्ता गराउन परेमा पेन्सन पट्टा समेत अनिवार्य रुपमा लिई आउन अनुरोध गरिन्छ।

कोही कसैलाई काठमाडौं आइसकेपश्चात बैदेशिक यात्रा गर्नुपर्ने र सो को लागि जरुरी राहदानी बनाउनु पर्ने भएमा सो पुष्टि हुने प्रमाण सहित अनलाइन फारम भरी अनलाइन मार्फत तोकिएको मिति, समय र स्थानमा गई विवरण प्रविष्ट गर्न गराउनु हुन अनुरोध छ।

निम्नानुसार

| सि.नं. | स्थान | | लैजानुपर्ने कागजात |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, काठमाडौं | बागमती प्रदेशका ललितपुर र भक्तपुर बाहेक सबै जिल्ला तथा मधेश प्रदेशका पर्सा र धनुषा जिल्लाका सेवाग्राहीहरु। | १. नागरिकता प्रमाणपत्रको सक्कल, २. बसाई सरी आएकाको हकमा बसाई सराई प्रमाणपत्रको सक्कल, ३. विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्रको सक्कल, ४. कर्मचारी भए कार्यालयको सिफारिस र पूर्व कर्मचारी भए पेन्सनपट्टा |
| २. | जिल्ला प्रशासन कार्यालय, ललितपुर | कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका सबै तथा मधेश प्रदेशका ससरी र सर्लाही जिल्लाका सेवाग्राहीहरु। | |
| ३. | नारायणहिटी दरवार परिसर | प्रदेश नं. १, लुम्बिनी र गण्डकी प्रदेशका सबै जिल्ला र प्रदेश नं.२ का सिरहा, महोत्तरी, बारा र रौतहट जिल्लाका सेवाग्राहीहरु। | |
| ४. | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | नेपाल सरकार तथा मातहतका कर्मचारी, पूर्व कर्मचारी तथा विशिष्ट पदाधिकारी मात्र। | माथि उल्लेखित कागजातका अतिरिक्त कर्मचारी भए कार्यालयको परिचयपत्र र पूर्व कर्मचारी भए पेन्सनपट्टा। |

०७९।७।२२
(तिर्थराज भट्टराई)
महानिर्देशक

पुनश्चः सबै जिल्लाका वडामा घुम्ती टोली अभियान मार्फत विवरण संकलन हुने हुँदा वर्तमान कोभिड/डेंगु लगायतका संक्रमणलाई ध्यानमा राखी अत्यावश्यक परेमा मात्र राष्ट्रिय परिचयपत्र बनाउन विवरण प्रविष्ट गर्नु गराउनु हुन पुनः अनुरोध गरिन्छ।

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np,
URL:www.donidcr.gov.np